# सामाजिक न्याय




Government of Nepal

UNDP
Empowered lives.
Resilient nations.

FORMIN.FINLAND.FI
EMBASSY OF FINLAND
KATHMANDU

EMBASSY OF DENMARK, NEPAL

NORWEGIAN EMBASSY

**सामाजिक न्याय**

प्रकाशकः कानूनी शासन तथा मानवअधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम/युएनडीपी
(Strengthening the Rule of Law and Human Rights Protection System in Nepal Programme (RoLHR)/UNDP)

वितरणः निःशुल्क

प्रकाशन प्रतिः ५०००

संस्करणः प्रथम (२०७३ आषाढ)
दोश्रो (२०७३ मंसिर)
तेस्रो (२०७४ आषाढ)

यस पुस्तिकामा लेखिएको कुरा आम नागरिक तथा सम्बन्धीत सरोकारवालाहरूको सामान्य जानकारीका लागि सरल भाषामा लेखिएको छ। यसमा लेखिएका कुराको आधिकारिक जानकारीका लागि सम्बन्धीत ऐन नियम नै हेर्नु हुन अनुरोध छ।

# विषय सूची

सामाजिक न्याय के हो ? ........................................................१
के सबैले हाम्रो समाजमा न्यायपूर्वक सामाजिक जीवनयापन गर्न पाएका छन् ? ............२
नेपालको संविधानले सामाजिक न्याय सम्बन्धी कस्तो व्यवस्था गरेको छ ? ...............३
यस्तो व्यवस्था छ भने "सामाजिक न्याय" को खोजी गर्नु आवश्यक छैन त ? .............३
सामाजिक न्यायभित्र के के पर्छ नि ?.................................................. ४
सामाजिक न्यायको सुनिश्चितताका लागि सक्रिय राष्ट्रिय संयन्त्रहरु कुन कुन छन्?........ ५
के कानूनी सहायता पाउनु सामाजिक हक हो ? ........................................६
कानूनी सहायता पाउने कस्तो व्यवस्था छ ? ..........................................६
निःशूल्क कानूनी सहायता कहाँ कहाँबाट उपलब्ध हुन्छ ?................................७
के कानूनी सहायता गुणस्तरीय छ ? ...................................................८
निःशूल्क कानूनी सहायताबारे चित्त नबुझेमा के गर्ने.................................... १०

# सामाजिक न्याय





## सामाजिक न्याय के हो ?

सामाजिक न्याय भनेको समाजका सबै व्यक्तिका स्वतन्त्रता, अधिकार र अवसरहरुमा समान पहुँचको संरक्षणको सुनिश्चितता हुनु हो । अझ सामाजिक न्यायले समाजका पछाडि परेका व्यक्तिहरुको समान पहुँच र सहभागिताका लागि विशेष ध्यान दिनुपर्ने कुरालाई समेत महत्व दिएको छ ।




छैनन् किनकि,

- हाम्रो समाजमा विविध प्रकारका विभेदहरु छन् ।
- हाम्रो समाजमा विविध प्रकारका कुप्रथा, संस्कार, रीतिरिवाजहरु छन् ।
- हाम्रो समाजमा अझै पनि अन्धविश्वास जीवित छ ।
- हाम्रो समाजमा व्यक्तिको व्यक्तित्व र अस्तित्वको मापनका आधार कठिन र संकुचित छ ।
- समान व्यवहार र सम्मानको जीवन स्वीकार गर्ने भावनाहरु सबमा समान रुपमा पाइदैन ।
- उपलब्ध कानूनहरुको प्रभावकारी कार्यान्यवनको कमी छ ।
- सामाजिक न्यायलाई संबोधन गर्ने राष्टिय नीति, कानून तथा कार्यक्रममा कमी छ ।

## नेपालको संविधानले सामाजिक न्याय सम्बन्धी कस्तो व्यवस्था गरेको छ ?




- नेपालको संविधानमा सामाजिक न्यायको हकलाई मौलिक हकको रूपमा नै धारा ४२ मा राखिएको छ।
- सामाजिक रूपले पछाडि परेकाहरूले समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक प्राप्त गरेका छन् ।
- आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायलाई विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक छ।
- अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक सेवा र सुविधामा समान पहुँचको हक छ।
- किसानलाई पनि कृषि कार्यको लागि भूमिमा पहुँचको हक छ।
- सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिको क्रममा विभिन्न प्रकारले पीडित भएकाहरूलाई पनि प्राथमिकताका साथ सामाजिक अवसरहरू प्राप्त गर्ने हक छ।
- सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका सामाजिक रुपले पछाडी परेका नागरिकलाई प्राथमिकता प्रदान गरिएको छ।

यस्तो व्यवस्था छ भने “सामाजिक न्याय” को खोजी गर्नु आवश्यक छैन त ?

खोजी गर्नु आवश्यक छ, किनकी

- सामाजिक न्याय जन्म सिद्ध मानब अधिकार पनि हो। यो सबैले भोग गर्न पाउनुपर्छ।
- जहाँ अस्तितत्व, स्वतन्त्रता, मर्यादा र आत्म सम्मानकासाथ बाँच्ने अधिकार प्राप्त हुन्छ त्यहाँ सामाजिक न्यायको अनुभूती हुन्छ।








**समानताको हकले पनि सामाजिक न्याय प्रदान गर्दछ । यस भित्र निम्न हकहरु पर्दछ –**

- भौगौलिक अवस्थाको कारणले विभेद नहुनु ।
- लिङ्गको आधारमा विभेद नहुनु ।
- जातको आधारमा विभेद नहुनु ।
- पेसाको आधारमा विभेद नहुनु ।
- वर्णको आधारमा विभेद नहुनु ।
- उमेरको आधारमा विभेद नहुनु ।
- शिक्षाको आधारमा विभेद नहुनु ।
- स्वास्थ्यको आधारमा विभेद नहुनु ।
- शारीरिक अपाङ्गताको आधारमा विभेद नहुनु ।
- सम्पत्तिको आधारमा विभेद नहुनु ।
- आस्थाका आधारमा विभेद नहुनु ।



यस्तो विभेद हुनु भनेको मानव अधिकारको हनन मात्र नभई समाजमा अन्यायपूर्ण अवस्था विद्यमान रहनु पनि हो । समानता मात्रै नभई आवश्यकता अनुसार समाबेशीतालाई ध्यानमा राखेर पछाडि परेको बर्गको निमित्त विशेष अवसर तथा लाभ पुऱ्याउने प्रावधानको व्यवस्था गर्नु पनि सामाजिक न्याय कै अभिन्न अंग हो ।




नेपालमा सामाजिक न्यायको सुनिश्चितताको लागि निम्न निकाय क्रियाशील छन्

**राष्ट्रिय निकाय**

- राष्ट्रिय मानव अधिकार आयोग,
- राष्ट्रिय महिला आयोग,
- राष्ट्रिय दलित आयोग,
- अन्य सरोकारवाला आयोगहरु अग्रसर छन् ।

**स्थानिय निकाय**

- प्रहरी कार्यालय,
- जिल्ला प्रशासन कार्यालय,
- स्थानीय निकायहरु पनि अग्रसर छन् ।

**कानूनी एवं पेशागत संगठन तथा निकाय**

- न्याय क्षेत्र समन्वय समिति,
- न्यायिक क्षेत्रमा कार्यरत संस्था,
- नेपाल बार एसोशियसन,
- केन्द्रीय कानूनी सहायता समिति,
- जिल्ला कानूनी सहायता समिति अग्रसर छन् ।

**अन्य सरोकारवाला निकायहरु**

- त्यस्तै सामाजिक क्षेत्रमा कार्यरत गैर सरकारी संस्था,
- सामुदायिक मेलमिलाप केन्द्र,
- मानव अधिकारका क्षेत्रमा कार्यरत संस्था आदि पनि अग्रसर छन् ।



# के कानूनी सहायता पाउनु पनि सामाजिक न्यायको हक हो ?

सबै व्यक्तिहरू समान रुपमा आफ्ना अधिकारहरु उपभोग गर्न सकिरहेका हुदैनन। अपराधबाट पीडित पनि हुन सक्छन्। विभिन्न कारणले अन्यायमा परेका वा आफ्नो अधिकार उपभोग गर्न नपाएका व्यक्ति न्याय पाउन असमर्थ हुन्छन्। असमर्थ व्यक्तिले अन्याय सहेर बस्नु भनेको उसले न्यायिक अधिकार उपभोग गर्न नपाउनु हो। त्यसैले कानूनी राज्यको सिद्धान्त अनुसार असमर्थ पक्षले न्यायका लागि निःशूल्क कानूनी सेवा पाउनु उसको हक हो। असमर्थ पक्षले निःशूल्क कानूनी सेवा पाउनु सामाजिक न्यायको हक पनि हो।

# कानूनी सहायता पाउने कस्तो व्यवस्था छ ?



नेपालको संविधानमा मौलिक हक अर्न्तगत न्याय सम्बन्धी हकमा कानूनी सहायतालाई महत्वपूर्ण स्थान दिईएको छ। जस अनुसार असमर्थ पक्षलाई कानून बमोजिम निःशूल्क कानूनी सहायता पाउने हक हुनेछ। प्रचलित कानून बमोजिम असमर्थ पक्ष भन्नाले निम्न प्रकारका व्यक्तिहरुलाई जनाउँदछः

→ तोकिएको वार्षिक आय (४०,०००) भन्दा कम आय भएको व्यक्ति
→ लैङ्गिक हिंसाबाट पीडित व्यक्ति
→ सशस्त्र द्वन्द्वबाट पीडित व्यक्ति

# नि:शूल्क कानूनी सहायता कहाँ कहाँबाट उपलब्ध हुन्छ ?



(१) **अदालतबाट:**

अदालतबाट पाउने नि:शूल्क कानूनी सेवा सबै जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतबाट कानूनी सहायता प्राप्त गर्ने व्यवस्था गरिएको छ। अदालतमा कानुनी सहायताका लागि वैतनिक कानून व्यवसायीको व्यवस्था छ। वैतनिक कानून व्यवसायीले नि:शूल्क कानूनी सेवा दिने व्यवस्था गरिएको छ।

(२) **जिल्ला कानूनी सहायता समितिबाट:**

जिल्ला कानूनी सहायता समितिबाट पनि नि:शुल्क कानूनी सेवा दिने व्यवस्था छ।

(३) **कानून व्यवसायीहरूको संगठन (नेपाल बार एसोशियसन) बाट:**

नेपाल बार एसोशियसन र यसको सबै एकाइहरूबाट नि:शूल्क कानूनी सहायता दिने गरिएको छ।

(४) **कानून र न्याय क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूबाट:**

कानून र न्याय क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू विशेष गरेर महिला तथा बालबालिकाको न्यायमा पहुँच सरल बनाउन तथा बिना खर्च न्याय उपलब्ध गराउन विभिन्न संस्थाहरूले कानून व्यवसायीहरूको व्यवस्था गरी नि:शूल्क कानूनी सेवा उपलब्ध गराउछन्।

(५) **महिला आयोगबाट:**


राष्ट्रिय महिला आयोगले पनि हिंसा पीडित महिलाहरूलाई कानूनी सहायता प्रदान गर्ने गर्दछ।

# के कानूनी सहायता गुणस्तरीय छ ?

हुनत निःशूल्क कानूनी सहायता प्राप्त गर्ने सन्दर्भमा केही भ्रमहरु फैलिएको पाइन्छ। जस्तैः



सेवा माग्न जाँदा दयाको पात्र जस्तो भइन्छ।



सक्षम र प्रतिबद्ध कानून व्यवसायीहरू छैनन्।

कानुनी सहायताबाट न्याय पाउन असाध्यै गाह्रो छ।


कानुनी सहायता सेवा लामो समय लाग्ने, झन्झ्टिलो छ।
गुणस्तरीय सेवा प्राप्त हुँदैन।
कानून व्यवसायीले यसलाई “वैतनिक वकिल” को जागीर मात्र ठानेका छन्।
सेवा दिने कार्यालय औपचारिक प्रक्रियामा बढी केन्द्रीत हुन्छ।
तर, यो भ्रम सेवा लिन गएका व्यक्तिबाट भन्दा सेवाको बारेमा कम जानकारी भएकाहरुबाट सिर्जना भएको हो। वास्तवमा कानूनी सहायता भरपर्दो र गुणस्तरीय छ।
निःशूल्क कानूनी सहायता लिन गएमा सेवाको स्तर आफै थाहा पाउनु हुनेछ।

# नि:शूल्क कानूनी सेवाबारे चित्त नबुझे के गर्ने ?



नि:शूल्क कानूनी सेवा लिन जाँदा यदि "सेवा हक हो" भन्ने अनुभूति भएन भने -

- जिल्ला अदालतमा श्रेस्तेदार तथा उच्च अदालतमा रजिष्ट्रार र सर्वोच्च अदालतमा रजिष्ट्रार समक्ष आफ्ना गुनासो राख्न पाइन्छ ।
- जिल्ला स्थित कानूनी सहायता समितिमा पनि आफ्नो गुनासो राख्नसक्नु हुन्छ । नि:शूल्क कानूनी सहायता राज्यले गरेको व्यवस्था हो । सबैले समान न्याय पाउने मान्यता अनुरुप नि:शूल्क कानुनी सहायता पाउनु असमर्थ व्यक्तिहरूको हक हो ।

कानूनी शासन तथा मानवअधिकार संरक्षण प्रणाली सबलीकरण कार्यक्रम/युएनडीपी

(Strengthening the Rule of Law and Human Rights Protection System in Nepal Programme (RoLHR)/UNDP